72

# नेपाल राजपत्र

## भाग २


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, कात्तिक ३ गते २०३९ साल (अतिरिक्ताङ्क ३२


### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### २०३९ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम्। 329


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## बोनस ऐन, २०३० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः बोनस ऐन, २०३० मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बोनस (दोस्रो संशोधन) ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. बोनस ऐन, २०३० को दफा ५ मा संशोधनः बोनस ऐन, २०३० (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (२) को खण्ड (ख) झिकिएको छ ।

३. मूल ऐनमा दफा १२ क. थपः मूल ऐनको दफा १२ पछि देहायको दफा १२ क. थपिएको छः–

"१२ क. गैर कानूनी हडताल अवधिको बोनसः कुनै कर्मचारीले कारखाना वा प्रतिष्ठानमा गैर कानूनी हडताल गरेमा सो गैर कानूनी हडताल गरेको दिनको बोनस समानुपातिक हिसाबले कटाई बाँकी दिनहरूको मात्र बोनस पाउनेछ ।"

४. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को उपदफा (२) मा रहेको "पाँच सय" भन्ने शब्दहरूको सट्टा "पाँच हजार" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
ध्रुवबर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।७।३।४

३६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।